# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल।

**धनगढी उप- महानगरपालिका वडा न. ०९ स्थित भवानी माध्यमिक विद्यालयको जिर्ण भवन भत्काउने र Scrap बिक्रि कार्यको लागी ७ (सात) दिने दरभाउपत्र सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मिति:२०८१।०४/१४**

यस धनगढी उप-महानगरपालिकाको वडा न. ०९ स्थित श्री भवानी माध्यमिक विद्यालय परिसर भित्र रहेको जिर्ण भवन (Block A को प्लिन्थ क्षेत्रफल २२९९/५६ व. फि. र Block B को प्लिन्थ क्षेत्रफल १३३६/३९ व. फि.) भत्काई निस्केको Scrap सम्बन्धित व्यक्ति/फर्म स्वयंमले लैजाने गरि बढाबढ रकम कबोल गर्नका लागी ठेक्कामा लगाउनु पर्ने भएकोले उक्त कार्य ठेक्कामा लिन चाहने ईच्छुक फर्म वा कम्पनीहरूले नवीकरण भएका सम्पूर्ण कागजातहरु (फर्म/ कम्पनी दर्ता प्रमाणपत्र, मु. अ. क. दर्ता प्रमाणपत्र, आ. व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र) सहित तपसिलका शर्तहरूको अधिनमा रही ठेक्का स्वीकार्नका लागि दरभाउपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

**तपसिलका शर्तहरू**

१. न्यूनतम ठेक्का अंक रू ८०,१७१/०० (अक्षरुपी असी हजार एक सय एकहत्तर मात्र) मु.अ.कर सहित कायम गरिएको छ।

२. उक्त भवनको भत्काउने, व्यवस्थापन गर्ने र Scrap लैजाने कार्य सम्झौता भएको मितिले १५ (पन्ध्र) दिन भित्र सम्पन्न गरिसक्नु पर्नेछ।

३. उक्त भवन भत्काएपछी निस्किने Scrap विद्यालय परिसरभित्र छोड्न पाइने छैन र भवन रहेको स्थल सफा गरिदिनुपर्नेछ।

४. दरभाउपत्र खरिद गर्न ईच्छुक फर्म वा कम्पनीहरुले दरभाउपत्र खरिद वापतको रकम यस कार्यालयको राजश्व शाखामा रू. १००० (पछि फिर्ता नहुने गरी) तिरी दरभाउपत्र प्राप्त गर्न सकिनेछ। दरभाउपत्र बाफतको रकम तिरी मिति २०८१/०४/२० गते कार्यालय समय भित्र खरिद गरि सक्नु पर्नेछ।

५. दरभाउपत्र मिति २०८१/०४/२१ गते दिनको १२:०० बजेभित्र पेश गरिसक्नु पर्नेछ। दरभाउपत्र मिति २०८१/०४/२१ गते दिनको २:०० बजे खोलिने हुँदा सो समयमा दरभाउपत्रदाता वा निजले तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

६. दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुनेछ।

७. दरभाउपत्र दर्ता गर्दा दरभाउपत्र वालाले आफुले कबोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता (हि.न. ४१७०१००३०३००००२) मा जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ वा सो रकम बराबर को ७५ दिन म्याद भएको बाणिज्य बैंकहरुको बैंक जमानत पत्र (विडवण्ड) पेश गर्नुपर्ने छ।

८. बोलपत्रदाताले कबोल गरेको ठेक्का अंक बराबरको नगद रकम सम्झौता हुनुपुर्व जम्मा गरे पछि मात्र ठेक्काको सम्झौता हुनेछ।

९. दरभाउपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ। फरक परेमा अक्षरलाई मान्यता दिईनेछ र म्याद नाघी आएको दरभाउपत्र माथी कुनै कारवाही हुने छैन।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

११. यस सूचनामा उल्लेखित नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ।

१२. यस कार्यालयको महालेखा परिक्षकको प्रतिबेदनबाट सरकारलाई बुझाउनु पर्ने बेरुजु कायम भएका फर्म/कम्पनीहरुले यस बोलपत्रको प्रक्रियामा भाग लिन पाउने छैनन्।

१३. यो सूचना धनगढी उ.म.न.पा.को सूचना पाटी र वेभसाइट www.dhangadhimun.gov.np बाट समेत हेर्न सकिनेछ।

..............................

प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र बहादुर खाती

प्रमुख प्रशासकीय अधिकृत

CamScanner